## संरक्षणको पछिल्लो अवस्था सम्बन्धी प्रेस विज्ञप्ती

यस चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा चोरी शिकार तथा अवैध गतिविधि नियन्त्रण गर्न नियमित गस्ती तथा बिशेष अपरेशन कार्यहरु निरन्तर रुपमा संचालनमा रहेको छ । यसै क्रममा २०८१ पौष १ गतेदेखि २९ गतेसम्म बिना अनुमति राष्ट्रिय निकुञ्ज प्रवेश गरी घाँस दाउरा काट्ने १४ जना, माछा मार्ने ३ जना, गैडासंग सम्बन्धित कसुर गर्ने १ जना गरी जम्मा १८ जना मानिसहरुलाई नियन्त्रणमा लिई नियमानुसार कार्वाही गरिएको छ । यसै अवधिमा यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने विभिन्न स्थानहरुबाट अजिंगर ४ वटा, भाले गैंडा १ वटा, भाले कालो स्टर्क १ वटा गरी जम्मा ६ वटा वन्यजन्तुहरुको उद्दार तथा पुनर्स्थापना गरिएको छ। मिति २०८१ पौष १ गतेदेखि हालसम्म यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र पर्ने विभिन्न स्थानहरुमा गैंडा १ वटा र चित्तल २ वटा मृत भेटिएका छन्। मिति २०८१ पौष ५ गते यस राष्ट्रिय निकुञ्ज अन्तर्गत इचार्नी पोष्टको गेट आगाडी अन्दाजी ५ बर्षको भाले चित्तलको कुकुरको आक्रमणबाट मृत्यु भएको छ। त्यसैगरी मिति २०८१ पौष २४ गते यस राष्ट्रिय निकुञ्ज अन्तर्गत देवनगरमा अन्दाजी ३ वर्षको भाले चित्तल तारजालीमा ठोकिएर मरेको अवस्थामा फेला परेको थियो। मिति २०८१ पौष २१ गते यस राष्ट्रिय निकुञ्ज अन्तर्गत पुरानो कुजौली पोष्ट नजिकै अन्दाजी २३ वर्षको भाले गैंडा प्राकृतिक कारणले मरेको अवस्थामा फेला परेको थियो।

मिति २०८१ पौष १२ गते देखि २५ गतेसम्म यस राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भएर बग्ने नारायणी र राप्ती नदीमा घडियाल गणना तथा अनुगमन कार्य सम्पन्न गरिएको छ । उक्त गणनाबाट राप्ती नदीमा २०६ वटा र नारायणी नदीमा १४६ वटा गरी जम्मा ३५२ वटा घडियाल गोही भेटिएको छ।जसमध्ये भाले घडियाल राप्ती नदीमा २ वटा र नारायणी नदीमा ३ वटा भेटिएका छन्। यस अवधिमा जम्मा २० वटा घडियाल गोही प्राकृतिक बासस्थानमा छाडिएको छ। वन्यजन्तुबाट हुने क्षतिको राहत अन्तर्गत चालु आर्थिक वर्ष २०८१/०८२ को श्रावणदेखि पौष मसान्तसम्म जम्मा रु. २८,०८,४९२।- (अठ्ठाइस लाख आठ हजार चार सय बयानब्बे रुपैंया) यस राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रका वन्यजन्तुबाट प्रभावित स्थानीय बासिन्दाहरुलाई वितरण गरिएको छ । यसै आर्थिक वर्षको श्रावणदेखि पौष मसान्तसम्म नेपाली ५३,१०३ जना, सार्क मुलुकका १०,८५० जना र अन्य बिदेशी ४६,३९२ जना गरी जम्मा १,१०,३४५ जना पर्यटकले यस राष्ट्रिय निकुञ्जको भ्रमण गरेका छन् भने यसबाट पर्यापर्यटन तर्फ राजश्व रकम जम्मा रु. १३,०१,४६,४५०।- (तेह्र करोड एक लाख छयालीस हजार चार सय पचास रुपैंया) आम्दानी भएको छ ।

यस अवधिमा यस राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा गैंडाको आक्रमणमा परी दुई जना घाइते भएका छन् भने एक जनाको मृत्यु भएको छ। मिति २०८१ पौष १० गते भरतपुर उप–महानगरपालिका वडा नं. २२ स्थित पटिहानीको स्टोन पार्कमा वनभोज कार्यक्रममा सहभागी भएको बेला खेल्ने क्रममा बर्ष १३ को सुगम सुबेदी गैंडाको आक्रमणमा परी घाइते भएका छन् । त्यसैगरी मिति २०८१ पौष १९ गते चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा जिल्ला चितवन, राप्ती नगरपालिका वडा नं. १ पिप्ले बस्ने वर्ष ८३ को दिप बहादुर अधिकारी गैंडाको आक्रमणमा परी घाइते भएका छन् भने मिति २०८१ पौष २० गते यस राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने कुमरोज मध्यवर्ती सामुदायिक वनको लामीताल क्षेत्रमा घाँस काट्न गएको अवस्थामा जिल्ला चितवन, खैरहनी नगरपालिका वडा नं. १३ बस्ने वर्ष ३२ की मेन्दोमाया भण्डारीको गैंडाको आक्रमणमा परी मृत्यु भएको छ।



कसरा, चितवन, नेपाल
+९७७-९८५५०९२२६०
www.chitwannationalpark.gov.np
info@chiwannationalpark.gov.np

Ramsar
IBA BIRDLIFE IMPORTANT BIRD AND BIODIVERSITY AREA
CATS Conservation Assured Tiger Standards

चितवन-पर्सा-वाल्मिकी कम्प्लेक्समा वन तथा वन्यजन्तु संरक्षणको लागि सरोकारवाला निकायहरुबीच समन्वय र सहकार्य अभिवृद्धि गर्नको लागि नेपाल-भारत सिमापार संरक्षण समन्वय बैठक मिति २०८१ पौष २४ र २५ गते यस राष्ट्रिय निकुञ्ज कार्यालयको आयोजनामा कसरा, चितवनमा सम्पन्न भएको छ । उक्त बैठकमा मित्रराष्ट्र भारतको वाल्मिकी टाइगर रिजर्भका फिल्ड डाइरेक्टर सहितको टोली, चितवन र पर्सा दुवै राष्ट्रिय निकुञ्ज कार्यालयका वरिष्ठ संरक्षण अधिकृतहरु, चितवन, मकवानपुर, रासी मनहरी, बारा, पर्सा, नवलपुर बर्दघाट सुस्ता पूर्व र पश्चिमका डिभिजनल वन अधिकृतहरु, राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ दुबै गणका गणपतिहरु, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु साथै डब्लु. डब्लु. एफ. इण्डिया, राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु. डब्लु. एफ. नेपाल र जेड. एस. एल. नेपालका प्रतिनिधिहरु समेत गरी जम्मा ५१ जनाको सहभागिता रहेको थियो । उक्त अवसरमा खासगरी अन्तरदेशीय सिमा क्षेत्रमा वन्यजन्तुहरुको संरक्षण, अवैध गतिविधि नियन्त्रण साथै वन क्षेत्रमा हुने आगलागी रोकथाम कार्यमा आपसी समन्वय र सहकार्यलाई अझै प्रभावकारी रुपमा अगाडी बढाउने बिषयमा छलफल केन्द्रित गरिएको थियो ।

मिति २०८१ माघ २ गते बुधबार

अविनाश थापा मगर
**सूचना अधिकारी**



कसरा, चितवन, नेपाल
+९७७-९८५५०९२२६०
www.chitwannationalpark.gov.np
info@chiwannationalpark.gov.np